# भिमाद नगरपालिका
## BHIMAD MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
BHIMAD, TANAHUN
२०७३ / 2073

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL


प. सं./ REF. NO. : २०८२/०८३
च.न./ DIS. NO. :

सूचना नं. ८८

मितिः २०८२/१२/२५

**विषयः आर्थिक वर्ष २०८३/०८४ मा न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र राष्ट्रिय रोजगार प्रबर्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १७ बमोजिम आगामी आर्थिक बर्ष २०८३/२०८४ मा भिमाद नगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम १०० दिनको रोजगारीमा आबद्ध भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक यस नगरपालिका भित्र स्थायी बसोवास गरेका बेरोजगार व्यक्तिहरुले २०८२ चैत्र मसान्त सम्ममा आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यलयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि तोकिएको ढाँचामा आवश्यक विवरणहरू (परिवारका सदस्यहरूको पूर्ण विवरण) भरी देहायका आवश्यक कागजातहरू सहित बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो-१/१ प्रति,
२. विवाहित महिला भए विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. परिवारका सदस्यहरूको नाम, नागरिकता प्रमाणपत्र जारी मिति, नागरिकता नं, नागरिकता जारी जिल्ला, शैक्षिक योग्यता, लगायत निवेदनमा भएका सम्पूर्ण विवरण स्पष्ट रूपमा भरिएको हुनुपर्ने,
४. निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिइ रोजगारीमा जान नपाएको भएमा उक्त बेहोरा खुल्ने कागजातको प्रतिलिपि,
५. निवेदन दिने व्यक्ति वा परिवारमा अपाङ्गता भएका व्यक्ति भएमा निजको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
६. निवेदनको ढाँचा सम्बन्धित वडा कार्यलय, पालिकाको वेभसाइट bhimadmun.gov.np, रोजगार सेवा केन्द्र तथा राष्ट्रिय रोजगार प्रबर्धन कार्यक्रमको वेभ साइट www.nepp.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ।

**(नोटः निवेदनमा माग गरिएका विवरणहरू पूर्ण, स्पष्ट र सत्य नभएको प्रमाणित भएमा सुचीकृत गरिने छैन्।**

२०८२/१२/२५

**शोभाखर पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**